# डिम्याट खाता सम्बन्धि सूचना

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. (सि.डि.एस.सि.) ले मिति २०७४/१०/०९ गते आर्थिक अभियान दैनिकमा प्रकाशित गरेको सूचना अनुसार सि-आस्बा प्रणाली अनिवार्य रुपमा लागू गरिएको व्यहोरा सबैमा विदितै छ। सोही अनुरुप प्राथमिक तथा हकप्रद निष्काशनमा शेयर आवेदनका लागी सि-आस्बा प्रणाली अनिवार्य भएपश्चात सि.डि.एस.सि.को "मेरो शेयर" मार्फत मात्र आवेदन गर्न सकिने भएकोले यस कम्पनी तथा ग्लोबल आइएमई बैंक लि. को शाखाहरुमा डिम्याट खाता खोलि सेवा लिइरहनु भएका खातावालहरुलाई यथाशिघ्र मेरो शेयर सेवाका लागि आवेदन गरी घरमै बसेर इन्टरनेटको माध्यमबाट खरिद आवेदन दिन सक्ने सेवाबाट लाभान्वित हुन सबैमा अनुरोध गर्दछौं। साथै यस लि. ले प्रदान गर्दै आएको Demat Account Access (online statement) हेर्ने सेवा २०७४/१२/३० गते पछि बन्द हुने हुँदा सो मिति भन्दा अगाडी नै "मेरो शेयर" सेवाको लागि आवेदन गर्नुहुन अनुरोध गर्दछौं।

यसका साथै निकट भविष्यमा कर्मचारी संचय कोषमा रकम संचित गर्ने संचयकर्ता कर्मचारीहरु, संस्थापक शेयरधनी संस्था-नेपाल विद्युत प्राधिकरण, चिलिमे जलविद्युत कम्पनी लिमिटेड र रसुवा जिल्लाका सम्बन्धित स्थानिय तहका कर्मचारीहरु तथा ऋणदाता संस्था कर्मचारी संचय कोषका कर्मचारीहरु समेतका लागि प्राथमिक शेयर निष्काशन हुन गईरहेको रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड र सान्जेन जलविद्युत कम्पनी लिमिटेडलाई नेपाल धितोपत्र बोर्डबाट क्रमशः मिति २०७४/०९/२० र मिति २०७४/०८/२६ गते स्वीकृति प्राप्त भएको व्यहोरा सबैमा विदितै छ। यी दुवै निष्काशनमा नेपाल धितोपत्र बोर्डको नियमानुसार आश्वा प्रणाली मार्फत मात्र शेयर आवेदन गर्न सकिने भएकोले उक्त प्रणाली मार्फत आवेदन गर्दा डिम्याट खाता अनिवार्य हुने हुँदा बैक खाता र डिम्याट खाता नभएका उपरोक्त बमोजिमका योग्य आवेदकहरुले यथाशक्य छिटो देशभर रहेका सम्बन्धित बैक तथा वित्तीय संस्थाहरुमा गई आफ्नो बैक खाता र डिम्याट खाता खोली शेयर आवेदनको लागि तयार रहन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**Global IME Capital Limited**
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

पोष्ट बक्स नं. २१५९९
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com